मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


पत्र संख्या :-२०७७/०७८
चलानी नं. : ६८६

मिति :२०७७/०८/११

विषय : शिक्षकको लागि स्वेच्छिक अवकाशको म्याद थप सम्बन्धी सूचना ।

यस नगरपालिकाको सातौं नगरसभाद्वारा पारित चालु आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम र बजेटबाट स्वेच्छिक अवकाशमा जान चाहने इच्छुक शिक्षकहरुलाई एकमुष्ठ रु. १,००,०००। ( एक लाख) प्रोत्साहन रकम सहित विदाई गर्ने नीति अनुसार नगर शिक्षा समितिको २०७७/५/२१ र नगर कार्यपालिकाको २०७७/५/२६ गतेको बैठकको निर्णयानुसार कार्तिक मसान्तसम्म सुचना प्रकाशन गरिएकोमा कोरोना सङ्क्रमणका कारण स्वेच्छिक अवकाशमा कतिपय शिक्षकहरुलाई राजीनामा दिन समस्या देखिएकोले नगरशिक्षा समितिको २०७७/०८/०४ र नगरकार्यपालिकाको २०७७/०८/११ गतेको बैठकको निर्णयानुसार मिति २०७७ पौष १५ गते सम्म म्याद थप गरिएकोले तपसिलका आधारमा सेवा अवधि पुगेका यस नगरपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत स्वेच्छिक अवकाशमा जान चाहने शिक्षकहरुलाई यस नगरपालिकामा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. स्थायी सेवा अवधि २० वर्ष पूरा भएको हुनुपर्नेछ ।
२. ५० वर्ष उमेर भएको हुनुपर्नेछ ।
३. स्वेच्छिक अवकाशमा जान चाहने शिक्षकले यस नगरपालिकाको शिक्षा शाखाको सहमती लिई शिक्षा विकास तथा समन्वय इकाइबाट राजीनामा स्वीकृतीको पत्र पेश गर्नुपर्नेछ ।
४. विगत १ वर्ष भित्र विभागीय सजाय नपाएको हुनुपर्नेछ ।
५. निवेदन साथ नागरिकता प्रमाण पत्र, स्थायी नियुक्ति पत्र, शैक्षिक योग्यताका प्रमाण पत्रहरु, विद्यालयको सिफारिस पत्र र राजीनामा स्वीकृत पत्र पेश गर्नुपर्नेछ ।

२०७७।८।११
(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. : ०११-४१२११४
Web Site: mandandeupurmun.gov.np, E-mail: mandandeupurmu@gmail.com